दोगडाकेदार गाउँपालिका
DogadakedarRuralMunicipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural MunicipalExecutive
देउलेक, बैतडी
Deulek, Baitadi
२०७३
सुदुरपश्चिम,प्रदेश, नेपाल
Sudurpashchim, Province, Nepal
website: www.dogdakedarmun.gov.np
E-mail: Dogadakedargaunpalika@gmail.com
Phone : 9858782200,985878100,9858783300

# ढुंगा, गिट्टी, बालुवा कर उठाउने सम्वन्धी सूचना

## (दोस्रो पटक प्रकाशित मिति २०७९/०६/१३)

यस गाँउपालिकावाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको दफा ६४ को उपदफा(१च) र दोगडाकेदार गाउँपालीकाको आर्थीक ऐन, २०७९अनुसार यस गाँउपालिका क्षेत्र भित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका तपशिलका नदि/ खोलाहरुमा ढुंगा, गिट्टी, बालुवा आदि कूल संकलन बिकी कर (रोयल्टी) ठेक्कालिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट सिलबन्दी बोलपत्र पेश गर्न ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ (सार्वजनिक बिदाको दिन गणना गरिने छैन) । साथै सिलबन्दी दरभाउपत्र खरिद गर्दा दोगडाकेदार गाँउपालिकाको नाममा ग्लोबल आई.एम.ई बैंक, दोगडाकेदार शाखामा रहेको **DOGADAKEDAR GA.PA. RAJASHWO KOSH KHATA** खाता नं. **F107010000007** मा सिलबन्दी दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरी सिलबन्दी दरभाउपत्र दोगडाकेदार गाँउपालिकाको कार्यालय देउलेक, बैतडीवाट बुझिलिनु हुन जानकारी गरिन्छ ।

१.प्रत्येक कामको लागि छुट्टा छुट्टै दरभावपत्र खरिद तथा दाखिला गर्नुपर्नेछ ।

२. यो सूचना प्रकाशित भए बमोजिम मिति २०७९।०६।२७ गते कार्यालय समय भित्र खरिद भएका बोलपत्रहरु मिति २०७९।०६।२८ गते १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्नेछ र सोही दिन २:०० बजे बोलपत्र खोलिनेछ ।

३.कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४. दरभावपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको, दरभावपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समय भित्र पेश नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको दरभावपत्र उपर कुनै कारवाही हुनेछैन ।

५. कबोल अंक अक्षर र अंकमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. गत विगत बर्षमा ठेक्का लिई ठेक्का बापत रकम नबुझाएका ठेक्केदारको ठेक्का स्वीकृत गरिने छैन ।

७. ठेक्का स्विकृत भएपछी स्विकृत हुने ठेक्केदार को धरौटी रकम सम्झौताको सम्पुर्ण कार्य अवधि समाप्त भई कार्य सम्पन्न भए पछि मात्र फिर्ता गरिने छ । स्विकृत रकम ३ किस्तामा बिभाजन गरिने छ । पहिलो किस्ता ७५ प्रतिशत, दोस्रो किस्ता १५ प्रतिशत र तेस्रो किस्ता १० प्रतिशत हुने छ । पहिलो किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम रुपमा दाखिला गरेको हनुपर्ने छ र बाँकी रकम वैशाख मसान्त भित्र बुझाउनु पर्ने छ ।

८. गाउँपालिकाले ठेक्केदारलाई कर उठाउन तोकेको क्षेत्रबाट ठेक्केदारलाई सम्झौतामा उल्लेख गरिए बमोजिमको कर तिरी कर तिरेको रसीद लिएर मात्र निकासी गर्न पाउने छ ।

९. सम्मानित अदालत, नेपाल सरकार गा. पा. को नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्न ठेक्केदारको कर्तव्य एवं दायित्व हुने एवं नीति निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै हानी नोक्सानी हुन गएमा क्षतीपूर्तिको दाबी ठेक्केदारले गा. पा. संग गर्न पाउने छैन ।

१०.सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व ठेक्केदारको हुनेछ । ठेक्केदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपूर्ति अथवा कुनै किसिमको दाबी गर्न पाईने छैन ।

११.IEE प्रतिवेदनमा औल्याईएका प्रावधानहरुको पालना गरेर मात्र ठेक्केदारले ठेक्का संचालन गर्नुपर्नेछ ।

**"स्वच्छ र सक्षमनिजामतीप्रशासन, समृद्धि र सुशासन"**

दोगडाकेदार गाउँपालिका
DogadakedarRuralMunicipality
website: www.dogdakedarmun.gov.np
E-mail: Dogadakedargaunpalika@gmail.com
Phone : 9858782200,985878100,9858783300
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural MunicipalExecutive
देउलेक, बैतडी
Deulek, Baitadi
सुदुरपश्चिम,प्रदेश, नेपाल
Sudurpashchim, Province, Nepal

१२. ठेक्केदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रोसंग हेरी बुझी मात्रै दरभावपत्र दाखिला र सम्झौता गर्नुपर्नेछ, राम्रोसंग नबुझि सम्झौता गरी सकेपछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित ठेक्केदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुनेछैन ।

१३. स्थानीय स्तरमा उठ्ने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेक्केदारको हुनेछ ।

१४. सम्बन्धित बगर तथा खानी क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवा लगायतका पदार्थहरु उत्खनन गर्दा स्काईभटर, डोजर लगायतका भारी उपकरण प्रयोग नगरि मान्छेद्वारा उत्खनन गर्नु पर्नेछ ।

१५.कबोल अंकको १३ प्रतिशत भ्याट रकम सम्बन्धित ठेक्केदारले सम्झौता गर्दा नै बुझाउनु पर्नेछ ।

१६.यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१७. करका दरहरु यस कार्यालयबाट दरभाउपत्र साथ प्राप्त हुनेछ ।

१८. दरभावपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य जानकारीको लागी कार्यालय समय भित्र कार्यालय बाट जानकारी लिन सकिने छ ।

२०७९/८/१३

(नरेन्द्र नाथ)
नि. प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्काअंक रु. मा (कर बाहेक) | सिलबन्दी दरभाउफाराम दस्तुर |
|---|---|---|---|---|
| **02/DKRM/GOODS/2079-80** | चमेलियानदी र जमाडीगाडको पञ्ज्यूनयाँ बगर क्षेत्र | ४०००।०० | रु.७,६००००।०० | रु.१,०००। (एक हजार मात्र) |
| **03/DKRM/GOODS/2079-80** | चमेलियानदीको चमतडी र धनथला बगर क्षेत्र | ८०००।०० | रु.१५,२००००।०० | रु.१,०००। (एक हजार मात्र) |

“स्वच्छ र सक्षमनिजामतीप्रशासन, समृद्धि र सुशासन”